# गैरआवासीय नेपाली संघ
# चौथो मध्यपुर्व क्षेत्रिय भेला
# ९ मई २०१४, शुक्रवार जारी घोषण पत्र ।

गैरआवासीय नेपाली संघको आज मिति ९ मे २०१४ तद् अनुसार बैशाख २६, २०७१ मा सम्पन्न चौथो मध्यपूर्व क्षेत्रिय भेलाका सहभागीहरुका धारणाहरुलाई समेटदै १२ बुँदे वहराईन घोषणा पत्र २०१४ जारी गर्दछ ।

१) वैठक गैरआवासीय नेपाली संघले विगत देखि नै उठान गदै आइरहेका बिषयहरु तथा विगतका घोषणा पत्रहरुमा उल्लेख भएका बुँदाहरु कार्यान्वयनका लागि पहल र अनुगमन गर्न एक समितिको गठन गर्न अन्तर्राष्ट्रिय समन्वय परिषद् समक्ष अनुरोध गर्ने निर्णय गर्दछ ।

२) वैठक सुरक्षित, व्यवस्थित तथा मर्यादित वैदेशिक रोजगारीको लागि नेपाल वैदेशिक रोजगार व्यवसायी संघ संग संस्थागत सहकार्यको लागि एक सम्झौता गर्न अन्तर्राष्ट्रिय समन्वय परिषद् समक्ष अनुरोध गर्ने निर्णय गर्दछ ।

३) वैदेशिक रोजगार विभागले जेष्ठ १ गते देखि लागु हुने गरि हस्तलिखित राहदानी वाहकलाई श्रम स्विकृति नदिने उल्लेख गरेकोमा सोको कार्यन्वयनको अवधि थप गर्नकालागि नेपाल सरकारसंग अनुरोध गर्ने निर्णय यो बैठक गर्दछ ।

४) बैदेशिक रोजगारीमा जाने नागरिकहरुको विमा ५ लाखबाट बृद्धि गरेर अनिवार्य १० लाख गर्न नेपाल सरकारलाई यस बैठकले माग गर्ने निर्णय गर्दछ ।

५) बैठक स्वदेशी उद्यमशिलतालाई प्रर्बद्धन गर्ने निर्णय गर्दछ ।

६) सुरक्षित, व्यवस्थित र मर्यादित बैदेशिक रोजगारलाई आधारभुत रुपमा नै कार्यान्वयन गर्नको लागि माध्यमिक तहबाट नै प्राविधिक शिक्षाको अवधारणालाई अनिवार्य कार्यान्वयन गर्न नेपाल सरकार संग माग गर्ने निर्णय गर्दछ ।

७) यो बैठक वैदेशिक रोजगारीमा गएका नागरिकहरुको लागि एक कोषको स्थापना गरि वैदेशिक रोजगारमा निश्चित अवधि विताएर पुरा गरेर नेपाल फर्के पछि नियमित निवृत्तिभरण पाउने व्यवस्था गर्न, बैदेशिक रोजगारीबाट फर्केका नागरिकलाई उसले हासिल गरेको सिप अनुसारको व्यवशाय गर्न चाहेमा सुलभ व्याजदरमा ऋण उपलब्ध गराउन नेपाल सरकारसंग माग गर्दछ ।

८) एक हजार भन्दा बढि महिला कामदार भएको मुलुकमा अनिवार्य आश्रय स्थल स्थापना गर्नको लागि पहल गर्न नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गर्दछ ।

९) बैदेशिक रोजगारीको क्रममा निधन भएका श्रमिकहरुका परिवारका एक सदस्यलाई रोजगारी तथा अंगभङ्ग भएको अवस्थामा निजलाई मासिक भत्ता उपलब्ध गराउन सरकार संग माग गर्ने निणर्य गर्दछ ।

१०) यस बैठक आगामी विश्व सम्मेलन अगावै मध्यपुर्व क्षेत्रिय संयोजकको संयोजनमा वैदेशिक रोजगार स्वेत पत्र जारी गर्ने निर्णय गर्दछ ।

११) अन्तर निकाय समन्वय हुनेगरी बैदेशिक रोजगारी सम्वन्धित कागजात प्रोसेसिङ्ग अनलाइनबाट सम्पन्न गर्ने व्यवस्था लागू गर्न यस बैठक नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गर्दछ ।

१२) प्रवासी नेपाली श्रमिकहरुको हक, हित र सुविधाका सरोकारहरुलाई नियमित र संस्थागत रुपमै नेपाल सरकारसम्म पुऱ्याउन एनआरएनएलाई वैदेशिक रोजगार ऐन २०६४ मा संशोधन गरी वैदेशिक रोजगार निर्देशक समिति र वैदेशिक रोजगार प्रवर्द्धन बोर्डमा प्रतिनिधित्वको लागि यो बैठक माग गर्दछ ।